# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, चैत १४ गते २०४७ साल (अतिरिक्ताङ्क ६४


## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्‌को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. २६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२६ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) ऐन, २०४७" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २७ मा संशोधनः प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ (यसपछि "मूल ऐन" भनिएको) को दफा २७ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएकोछः–

"(१क) उपदफा (१) को खण्ड (छ) र (ज) बमोजिमको अयोग्यता यो ऐन प्रारम्भ भएपछि हुने पहिलो पटकको निर्वाचनको निमित्त लागू हुनेछैन ।"

३. मूल ऐनको दफा ४८ मा संशोधनः मूल ऐनको दफा ४८ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएकोछः–

"(३) सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताको नामबाट कुनै अर्को व्यक्तिले मतदान गर्न हुँदैन ।"

४. मूल ऐनको दफा ६४ मा संशोधनः मूल ऐनको दफा ६४ को खण्ड (ज) र (ट) झिकिएका छन् ।

५. मूल ऐनको परिच्छेद १२ मा दफा ७३ क. र ७३ ख. थपः मूल ऐनको दफा ७३ पछि देहायका दफा ७३क. र ७३ ख. थपिएका छन्ः–

"७३क. निविदा मतपत्र सम्बन्धी व्यवस्थाः (१) कसैले अर्को मतदाताको नामबाट मतपत्र लिइसकेको वा मतदान गरिसकेको र पछिबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मतदान गर्न आउने व्यक्तिनै वास्तविक मतदाता हो भन्ने कुरा निजले पेश गरेको प्रमाणबाट देखिन आएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई निविदा मतपत्र दिनेछ । त्यस्तो निविदा मतपत्र दिएकोमा सो मतपत्रमा मतदाताले आफ्नो मत संकेत गरिसकेपछि त्यस्तो मतपत्र मतपेटिकामा नहाली सो प्रयोजनको लागि राखिएको छुट्टै खाममा हाल्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निविदा मतपत्र दिने, राख्ने र तत्सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(३) दफा ५९ बमोजिम मतगणना गर्दा उपदफा (१) बमोजिम छुट्टै खाममा राखिएका निविदा मतपत्रहरू सो समयमा गणना गरिने छैन । निर्वाचन सम्बन्धी उजूरी पर्न आई सो उजूरीको निर्णय गर्नको लागि आवश्यक पर्ने भनी प्रचलित कानून बमोजिम गठित निर्वाचन विशेष अदालतले ठहर गरेमा सो अदालतले त्यस्तो निविदा मतपत्रहरू समेत गणना गर्न सक्नेछ ।

७३ ख. निर्वाचनमा खटिएका व्यक्तिको मतदान सम्बन्धी विशेष व्यवस्थाः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निर्वाचनको काममा खटिएका मतदान गर्न योग्यता पुगेका कर्मचारी वा उम्मेदवारको प्रतिनिधि आफू खटिएको निर्वाचन क्षेत्रको मतदाता रहेनछ भने आयोगले त्यस्तो कर्मचारी वा प्रतिनिधिको नाम सो निर्वाचन क्षेत्रको मतदाता नामावलीमा तोकिए बमोजिम समावेश गराउन सक्नेछ ।"

लालमोहर सदर मितिः– २०४७।१२।१४।५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।